# महिला उद्यमी पुरस्कार वितरण कार्यविधि, २०८१

**प्रस्तावनाः** महिला उद्यमशीलताको क्षेत्रमा योगदान पुऱ्याउने महिला उद्यमीलाई पुरस्कृत गर्ने कार्यलाई सहज, सरल, व्यवस्थित, प्रभावकारी र पारदर्शी बनाउन वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश विनियोजन ऐन, २०८१ को दफा १२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "महिला उद्यमी पुरस्कार वितरण कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "पुरस्कार" भन्नाले महिला उद्यमी पुरस्कार सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(ग) "महिला उद्यमी" भन्नाले स्थानीय स्रोत, साधन र सीपको प्रयोग गर्दै आफैं उद्योग एवं व्यवसाय सञ्चालन गरी पूर्ण वा आंशिक रोजगारी प्रदान गर्ने महिला सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले दफा ४ बमोजिमको पुरस्कार सिफारिस समिति सम्झनु पर्छ।

३. **सूचना प्रकाशन र आवेदन मागः** (१) पुरस्कारको लागि महिला उद्यमीबाट आवेदन माग गर्न मन्त्रालयले पन्ध्र दिनको समय दिई प्रदेशस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना मन्त्रालयको वेबसाइट र सूचना पाटीमा राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचनामा तोकेको म्यादभित्र दफा ६ बमोजिमको योग्य आवेदकले अनुसूची-१ बमोजिमको ढाँचामा आवेदन र अनुसूची-२ बमोजिमको ढाँचामा स्वःघोषणा पत्र सहित मन्त्रालयमा पेश गर्नु पर्नेछ।

४. **पुरस्कार सिफारिस समितिको गठनः** (१) दफा ३ बमोजिम आवेदन प्राप्त भएपछि पुरस्कार प्रदान गर्ने प्रयोजनका लागि महिला उद्यमीको नाम सिफारिस गर्न मन्त्रालयमा देहाय बमोजिमको एक पुरस्कार सिफारिस समितिं रहनेछ।

(क) सचिव, मन्त्रालय - संयोजक

(ख) निर्देशक, उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय - सदस्य

(ग) प्रमुख, सामाजिक विकास महाशाखा, मन्त्रालय - सदस्य

(घ) अधिकृत प्रतिनिधि, उद्योग, वन, पर्यटन तथा वातावरण मन्त्रालय - सदस्य

प्रदेश सचिव

(ङ) प्रतिनिधि, महिला उद्यमी महासंघ - सदस्य

(च) अधिकृत, सामाजिक विकास महाशाखा, मन्त्रालय - सदस्य-सचिव

(२) समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयविषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

५. <u>समितिको काम, कर्तव्य र अधिकारः</u> समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दफा ३ को उपदफा (२) बमोजिम प्राप्त भएका आवेदन र कागजात जाँच गरी महिला उद्यमीको नाम र योगदान सहितको अभिलेख तयार गर्ने,

(ख) पुरस्कार प्राप्त गर्न योग्य महिला उद्यमीको नाम मन्त्रालय समक्ष सिफारिस गर्ने।

६. <u>पुरस्कार सिफारिसको आधारः</u> (१) समितिले पुरस्कारको लागि महिला उद्यमीको नाम सिफारिस गर्न देहाय बमोजिमका आधार लिनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) आफ्नो नामबाट उद्योग दर्ता गरी विगत तीन वर्षदेखि निरन्तर रुपमा उद्योग व्यवसाय सञ्चालन गरेको,

(ग) स्थानीयस्तरमा रोजगारी सिर्जना गरेको,

(घ) श्रम सम्बन्धी प्रचलित कानूनको पालना गरेको,

(ङ) लैङ्गिकमैत्री वातावरण सिर्जना गराएको,

(च) उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सहयोग पुऱ्याएको,

(छ) प्रचलित कानून बमोजिम अयोग्य नभएको।

(२) समितिले उपदफा (१) बमोजिमको आधारमा अङ्क सहितको सूचक तयार गरी मूल्याङ्कन गर्नुपर्नेछ।

(३) सूचक र मूल्याङ्कनको ढाँचा अनुसूची-३ मा उल्लेख भएबमोजिम हुनेछ।

७. <u>पुरस्कार प्रदान गरिनेः</u> (१) कर्णाली प्रदेशको प्रत्येक जिल्लाबाट एकजना महिला उद्यमीलाई निजले उद्यमशीलताका क्षेत्रमा पुऱ्याएको योगदानको कदर स्वरुप मन्त्रालयले अन्तर्राष्ट्रिय महिला दिवसका दिन पुरस्कार र सम्मानपत्र प्रदान गर्नेछ।

(२) उपदफा (१) बमोजिम वितरण गरिने पुरस्कारको राशी जनही एक लाख रुपैयाँ हुनेछ।

(३) सम्मानपत्रको ढाँचा अनुसूची-४ बमोजिम हुनेछ।



प्रदेश सचिव

८. <u>पुरस्कारको अभिलेखः</u> मन्त्रालयले पुरस्कार वितरणको अभिलेख राख्नु पर्नेछ र त्यस्तो अभिलेख वेबसाइटमार्फत् सार्वजनिक गर्नु पर्नेछ।

९. <u>पुनः सिफारिस नगरिनेः</u> (१) एक पटक पुरस्कार प्राप्त गरेको महिला उद्यमीलाई पुरस्कार प्राप्त गरेको पाँच वर्षसम्म पुनः पुरस्कारको लागि सिफारिस गरिने छैन।

(२) कुनै एक उद्यम वा व्यवसायबाट पुरस्कृत भएको महिला उद्यमीको नाममा रहेको अर्को व्यवसायबाट पुरस्कृत गर्नु परेमा पुरस्कार पाएको अवधि पाँच वर्ष पुगेको हुनु पर्नेछ।

१०. <u>प्रचलित कानून बमोजिम हुनेः</u> यस कार्यविधिमा उल्लेख भएको विषयको हकमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

११. <u>बाधा अड्काउ फुकाउन सक्नेः</u> यस कार्यविधि कार्यान्वयनको सम्बन्धमा कुनै बाधा अड्काउ उत्पन्न भएमा त्यस्तो बाधा अड्काउ मन्त्रालयले फुकाउन सक्नेछ।

प्रदेश सचिव

अनुसूची-१

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

फोटो

**आवेदनको ढाँचा**

श्री सामाजिक विकास मन्त्रालय,
वीरेन्द्रनगर, सुर्खेत।

विषयः पुरस्कारका लागि आवेदन सम्बन्धमा।

महोदय

कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको मिति..................मा प्रकाशित सूचना बमोजिम पुरस्कार प्रदान गरिपाऊँ भनी देहाय बमोजिमको विवरण तथा कागजात संलग्न गरी यो आवेदन पेश गरेको छु।

१. नाम थरः (क) नेपालीमाः (ख) अंग्रेजीमाः
२. ठेगानाः (क) अस्थायी ठेगानाः (ख) स्थायी ठेगानाः
३. सम्पर्क नं.
४. इमेल ठेगानाः
५. उद्योग व्यापारको नामः
६. उद्योग/व्यवसायको विवरणः
५. उद्योगको प्रकृति र कार्यक्षेत्रः
७. भौगोलिक कार्यक्षेत्रः जिल्ला........................नगरपालिका/गाउँपालिका....................

संलग्न कागजातहरूः

(क) उद्योग सञ्चालकको नागरिकताको प्रतिलिपि,
(ख) उद्योग दर्ताको प्रमाणपत्रको प्रतिलिपि,
(ग) पछिल्लो आर्थिक वर्षको करचुक्ता गरेको प्रमाण/रसिद,
(घ) उद्योग नवीकरण गरेको कागजात,
(ङ) उद्योग व्यवसायको गत आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र र लेखापरीक्षणको प्रतिलिपि,
(च) रोजगारी प्रदान गरेको विवरण/संख्या,
(छ) उद्योगमा प्रयोग हुने कच्चा पदार्थको विवरण/संख्या,
(ज) स्थानीय तहको सिफारिस (निरन्तर सञ्चालन भएको)

माथि उल्लिखित व्यहोरा तथा कागजात ठीक साँचो हो। झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

निवेदकको नाम थरः
दस्तखतः

प्रदेश सचिव

अनुसूची-२

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

**स्वःघोषणापत्र**

जिल्ला ............ गा.पा./न.पा. ....................... वडा नं. .......... वस्ने श्री .................. को छोरा/छोरी वर्ष ....... को म ................ ले विगत ................ वर्षदेखि ............ उद्योग/व्यवसाय सञ्चालन गर्दै .......... जनालाई रोजगारी प्रदान गरेको छु। मैले हालसम्म कुनै किसिमको फौजदारी कसुरमा दोषी ठहर भई सजाय पाएको छैन।

निवेदकः

नाम थरः

दस्तखतः

ठेगानाः

फोन नं.

इमेलः

प्रदेश सचिव

११५

अनुसूची- ३

दफा ६ को उपदफा (३) सँग सम्बन्धित

**सम्मानपत्रको ढाँचा**

कर्णाली प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत

**सम्मानपत्र**

स्थानीय स्रोत र साधनको प्रयोगबाट तपाईले..............स्थापना गरी स्थानीयस्तरमा रोजगारी सिर्जना गर्दै आर्थिक विकास र समृद्धिमा पुऱ्याउनु भएको योगदानको सम्मान र उच्च मूल्याङ्कन गर्दै..............जिल्लाबाट उत्कृष्ट महिला उद्यमीको रूपमा छनौट हुनुभई ........ अन्तराष्ट्रिय महिला दिवसको सु-अवसरमा महिला उद्यमी पुरस्कार २०....... बाट सम्मानित हुनु भएकोमा पुरस्कार स्वरूप नगद रु. १,००,०००। (अक्षरुपी एक लाख रुपैयाँ) सहित यो सम्मानपत्र प्रदान गरिएको छ।

सम्मानित हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै आगामी दिनमा पनि यहाँको सक्रिय योगदानको अपेक्षा र उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

| ................................... | ........................ | .................... |
|---|---|---|
| सामाजिक विकास महाशाखा प्रमुख | सचिव | मन्त्री |

प्रदेश सचिव

अनुसूची-४

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

**मुल्याङ्कनका आधार**

| सि. नं | मूल्याङ्कनका आधार | अंकभार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | रोजगार प्रदान गरेको संख्या (महिला/पुरुष) | १५ | | |
| | १० वा १० जना भन्दा बढी व्यक्तिलाई रोजगार प्रदान गरेको | १५ | — | |
| | ५-९ जना सम्मलाई रोजगार प्रदान गरेको | १० | | |
| | १-४ जना सम्मलाई रोजगार प्रदान गरेको | ५ | | |
| २. | रोजगार प्राप्त महिलाको संख्या | १५ | | |
| | १० वा १० जना भन्दा बढीलाई रोजगार प्रदान गरेको | १५ | | |
| | ५-९ जना सम्मलाई रोजगार प्रदान गरेको | १० | | |
| | १-४ जना सम्मलाई रोजगार प्रदान गरेको | ५ | | |
| | उद्योग सञ्चालन अवधि (वर्ष अनुसार अङ्क वढाउने) | | | |
| ३. | उद्योग सञ्चालन अवधि ( वर्ष अनुसार अङ्क बढाउने अधिकतमसम्म) | १० | | |
| | तीन वर्षभन्दा बढी भएमा ( प्रत्येक वर्ष १ अङ्कको दरले बढाउने अधिकतमसम्म) | १० | — | |
| | तीन वर्ष पूरा भए न्यूनतम | ५ | | |
| ४. | महिलाहरूलाई उद्यमी बनाउन सहयोगी कार्यक्रम सञ्चालन गरेको। | १० | | |
| ५. | लेवलिङ, प्याकेजिङ, बजारीकरण र सीप विकास तथा उद्यमशीलता विकास सम्बन्धी तालिम सञ्चालन गरेको प्रमाणित हुने सबै कागजात भएमा, | १० | | |
| | सीप विकास तथा उद्यमशीलता विकास सम्बन्धी तालिम सञ्चालन गरेको प्रमाणित हुने मात्र कागजात भएमा,. | ५ | | |
| | लेवलिङ, प्याकेजिङ, बजारीकरण गरेको प्रमाणित हुने मात्र कागजात भएमा । | ५ | | |
| | जम्मा अङ्क ५० | | | |

प्रदेश सचिव